# प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०१/१५ गते मंगलवारको नागरिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत अन्य लेना रकम भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा भुक्तान भर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **मुख्य शाखा कार्यालयमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/२६ गते मंगलवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **मुख्य शाखा कार्यालयमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

**ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी :** नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, बाणिज्य विभाग, त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०२१ बमोजिम मिति २०४६/०३/२० मा प्रा.लि.नं. ५९५/०४५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, काठमाण्डौ-१, बबरमहल काठमण्डौबाट मिति २०५७/०१/२८ (मु.अ.कर दर्ता मिति २०५४/१२/१२) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०००६४१५७ को प्रमाणपत्र प्राप्त **पद्म श्री प्रा.लि.** ।

**ठेगाना :** काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३३ (हाल का.म.न.पा. वडा नं. ३०) ज्ञानेश्वर ।

**सञ्चालक तथा जमानतकर्ता : रोहिणी थपलिया**
(ना.प्र.नं. ६८८८ मिति २०४१/०७/१२, जि.प्र.का. काठमाण्डौ) । ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३३ (हाल का.म.न.पा. वडा नं. ३०) ज्ञानेश्वर ।
बाबु : बदी प्रसाद थपलिया ।
बाजे : हरि लाल थपलिया ।

**सञ्चालक तथा जमानतकर्ता : दिपा थपलिया**
(ना.प्र.नं. २०२२३, जारी मिति २०६२/०४/२३, जि.प्र.का. काठमाण्डौ, ना.प्र.नं. २३९२ मिति २०३४/०६/१४ को सट्टा नयाँ जारी) । ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३३ (हाल का.म.न.पा. वडा नं. ३०) ज्ञानेश्वर ।
बाबु : भिष्म बहादुर बस्न्यात ।
ससुरा /पति : बद्री प्रसाद थपलिया/रोहीणी थपलिया ।

**२. ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी अध्यादेश २०६२ बमोजिम मिति २०६३/०१/१८ मा प्रा.लि.नं. ३९२७४/०६२/०६३ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, काठमाण्डौ-१ बाट मिति २०६३/०२/१८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२२९१२६५ को प्रमाणपत्र प्राप्त **शुभ पदमश्री इन्टरप्राइजेज प्रा.लि.** ।

**ठेगाना :** काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १, नक्साल ।

**सञ्चालक तथा जमानतकर्ता : रोहिणी थपलिया**
(ना.प्र.नं. ६८८८, मिति २०४१/०७/१२, जि.प्र.का. काठमाण्डौ) । ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३३ (हाल का.म.न.पा. वडा नं. ३०) ज्ञानेश्वर ।
बाबु : बदी प्रसाद थपलिया ।
बाजे : हरि लाल थपलिया ।

**सञ्चालक तथा जमानतकर्ता : दिपा थपलिया**
(ना.प्र.नं. २०२२३ जारी मिति २०६२/०४/२३, जि.प्र.का. काठमाण्डौ, ना.प्र.नं. २३९२ मिति २०३४/०६/१४ को सट्टा नयाँ जारी) । ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३३ (हाल का.म.न.पा. वडा नं. ३०) ज्ञानेश्वर ।
बाबु : भिष्म बहादुर बस्न्यात ।
ससुरा /पति : बद्री प्रसाद थपलिया/रोहीणी थपलिया ।

**३. ऋणी : रोहिणी थपलिया**
(ना.प्र.नं. ६८८८, मिति २०४१/०७/१२, जि.प्र.का. काठमाण्डौ) । ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३३ (हाल का.म.न.पा. वडा नं. ३०) ज्ञानेश्वर ।
बाबु : बदी प्रसाद थपलिया ।
बाजे : हरि लाल थपलिया ।

**जमानतकर्ता : दिपा थपलिया**
(ना.प्र.न. २०२२३, जारी मिति २०६२/०४/२३, जि.प्र.का. काठमाण्डौ, ना.प्र.नं. २३९२ मिति २०३४/०६/१४ को सट्टा नयाँ जारी) । ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३३ (हाल का.म.न.पा. वडा नं. ३०) ज्ञानेश्वर ।
बाबु : भिष्म बहादुर बस्न्यात ।
ससुरा /पति : बद्री प्रसाद थपलिया/रोहीणी थपलिया ।

**ख. लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्तिको विवरण :**

१. ऋणी रोहीणी थपलियाको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेष्ता कायम रहेको का.जि. का.म.न.पा. वडा नं. ३३, नक्सा सिट नं. १०२१०६६२१ स्थित कित्ता नं. ४२३८ क्षेत्रफल १०८५ (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ........१
२. ऋणी पदम श्री प्रा.लि. र शुभ पदमश्री इन्टरप्राइजेज प्रा.लि.को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x31